झिमरुक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
म्यागुते, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

आ.व. २०८२/८३
बैठक: गाउँ कार्यपालिका
अध्यक्षता : गाउँपालिका अध्यक्ष पित बहादुर महतरा क्षेत्री

बैठक संख्या: ८/०८२/०८३
मिति :२०८२/०९/२५
स्थान: झि.गा.पा. सभाहल
समय : दिनको: १:०० बजे

झिमरुक गाउँ कार्यपालिकाको बैठक झिमरुक गाउँपालिकाका अध्यक्ष श्री पित बहादुर महतरा क्षेत्रीज्यूको अध्यक्षता र देहायको उपस्थितिमा बसी निम्न बमोजिमको प्रस्ताव माथि छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिति

| हस्ताक्षर | नाम,थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | पित बहादुर महतरा क्षेत्री | गा.पा. अध्यक्ष | झि.गा.पा-३ | अध्यक्ष |
| | प्रमोद पोखेल | गा.पा. उपाध्यक्ष | झि.गा.पा-३ | सदस्य |
| | युवराज खनाल | वडा अध्यक्ष | झि.गा.पा-१ | सदस्य |
| | कृष्ण प्रसाद पोखेल | वडा अध्यक्ष | झि.गा.पा-२ | सदस्य |
| | मिनबहादुर खत्री | वडा अध्यक्ष | झि.गा.पा-३ | सदस्य |
| | सिताराम पोखेल | वडा अध्यक्ष | झि.गा.पा-४ | सदस्य |
| | दधिराम पोखेल | वडा अध्यक्ष | झि.गा.पा-५ | सदस्य |
| | धन बहादुर पुन | वडा अध्यक्ष | झि.गा.पा-६ | सदस्य |
| | कृष्ण बहादुर जि.सी. | वडा अध्यक्ष | झि.गा.पा-७ | सदस्य |
| | तुलस बहादुर बस्नेत | वडा अध्यक्ष | झि.गा.पा-८ | सदस्य |
| | संगिता परियार | द.महिला वडा सदस्य | झि.गा.पा-८ | सदस्य |
| | पार्वता वि.क. | द.महिला वडा सदस्य | झि.गा.पा-४ | सदस्य |
| | तुलसा के.सी. | महिला वडा सदस्य | झि.गा.पा-४ | सदस्य |
| | कल्पना थापा (एम.सी.) | महिला वडा सदस्य | झि.गा.पा-३ | सदस्य |
| | चोप बहादुर वि.क | अल्पसंख्यक सदस्य | झि.गा.पा-१ | सदस्य |
| | हरी सुनार | अल्पसख्यक सदस्य | झि.गा.पा-४ | सदस्य |
| | अमरराज सेजुवाल | प्रमुख प्रशासकीय अधिकृत | झि.गा.पा. | सचिव |

## अन्य उपस्थिति/आमन्त्रित

| नाम | पद |
|---|---|
| हरि प्रसाद पोखेल | प्रशासन शाखा प्रमुख (अधिकृत छैठौं) |
| अरविन्द महत | राजश्व तथा आ.प्र. शाखा प्रमुख (अधिकृत छैठौं) |
| दामोदर उपाध्या | का.स. |

**अमरराज सेजुवाल**
**प्रमुख प्रशासकीय अधिकृत**

CamScanner

झिमरुक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्यायुते, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

**प्रस्ताव नं. १ गत बैठकको समिक्षा सम्वन्धमा ।**

**निर्णय नं १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा झिमरुक गाउँ कार्यपालिकाको मिति २०८२/९/१९ गते बसेको आ.व. २०८२/८३ को सातौ बैठकबाट दोस्रो पटकसम्म ई-टेन्डर लगाउदा ठेक्का नलागेका घाटहरुबाट ढुङ्गा, गिट्टी र बालुवाको अमानतबाट कार्ययोजना तयार गरी राजश्व संकलन गर्ने निर्णय अनुसार सो कार्य कार्यान्वयनमा आएको, स्थानीय तहको साझेदारीमा विद्यालयको भौतिक निर्माण अनुदान कार्यान्वयनको लागि विद्यालय छनोट गरिएकोमा लागत अनुमान तयारी लगायतको कार्य प्रक्रिया अगाडि वढेको, बाग्दुला बतासेडाँडा मच्छी लामासेरा झिमरुक गा.पा. पहुँचमार्ग अन्तर्गत (बतासेडाँडा-मच्छी खण्ड कालोपत्र) ठेक्का लगाईएकोमा उक्त ठेक्का खोल्ने समय बाँकी रहेको, करार सेवामा कार्यरत कर्मचारीहरुको म्यादथप गरिएकोमा कर्मचारीहरु विच करार सम्झौता गर्ने कार्य प्रक्रियामा रहेको, ७ नं. वडाको नव निर्मित भवनमा फर्निचर तथा अन्य व्यवस्थापन गर्न वजेट विनियोजन गरिएकोमा कार्यान्वयनको प्रक्रियामा रहेको, योजनाहरुको मिति २०८२ पुस २५ गतेसम्म सम्झौता गर्ने म्याद थप गरिएकोमा पुस २५ गतेसम्म २१६ बटा योजनाहरु सम्झौता भई अन्य योजनाहरु सम्झौता गर्न बाँकी रहेको, रोजगार संयोजक पदपूर्ति समिति मापदण्डले तोके वमोजिम गठन गरिएकोमा २०८२ माघ ४ गते परीक्षा सञ्चालनको लागि मिति तय गरिएको, आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरिएकोमा भुक्तानीको प्रक्रियामा रहेको, विभिन्न ऐनहरु संशोधन गर्नु पर्ने भएको र गाउँपालिकालाई आवश्यक पर्ने विधेयक, मस्यौदा कानुनहरु गाउँ सभाबाट स्वीकृत गर्नु पर्ने भएको हुँदा विधायन समितिमा छलफलको लागि पठाईएकोमा विधायन समितिबाट स्वीकृत गरी सभाबाट परितको लागि गाउँ कार्यपालिकामा पेस गरेको लगायतका विषयमहरुमा समिक्षा गरियो ।

**प्रस्ताव नं २ चालु आ.व.को हालसम्मको वित्तीय प्रगति सम्वन्धमा ।**

**निर्णय नं. २**

प्रस्ताव नं २ माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको आ.व.२०८२/८३ को साउन महिनादेखि हालसम्म वित्तिय प्रगति आय तर्फ जम्मा ५७.९४ प्रतिशत आन्तरिक आम्दानी ५६.८८ प्रतिशत र वित्तीय खर्चतर्फ चालु वित्तीय खर्च ३५.९७ प्रतिशत, पूजीँगत वित्तीय खर्च २४.४१ प्रतिशत गरी जम्मा कुल वजेटको वित्तीय खर्च ३१.९३ प्रतिशत भएको हुँदा वित्तीय खर्च प्रतिशतलाई बढाउन योजना तथा कार्यक्रमहरु कार्यान्वयनलाई तिव्रता दिई छिटो छरितो भुक्तानी लैजाने तर्फ जोड दिनु पर्ने विषयमा आ–आफ्नो तर्फबाट सबैले सहयोग गर्नुपर्ने सर्वसम्मत रुपमा निर्णय गरियो ।

**प्रस्ताव नं.३ हाट बजार सञ्चालनको लागि व्यवस्थित गर्ने सम्बन्धमा ।**

**निर्णय नं.३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा झिमरुक गाउँपालिका वडा नं. ५ को मच्छी पलटिङमा हाटवजार केन्द्र स्थापना गरी मिति २०८२ पुस १८ गते उद्घाटन कार्यक्रम समेत सम्पन्न गरिएकोमा उक्त हाट बजारलाई थप व्यवस्थित गर्नको लागि उद्योग वाणिज्य संघ मच्छी वजार क्षेत्र, होटल व्यवसायी संघ, बजार व्यवस्थापन समिति, कृषि तथा पशुपन्छी फर्म र समूहका प्रतिनिधी, जनप्रतिनिधी लगायत सरोकारबालहरु सबैको उपस्थितिमा मिति २०८२ साल माघ ४ गते गाउँपालिकाको सभाहलमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी राय सुझाव लिई अगाडि वढ्ने सम्मतबाट निर्णय गरियो ।

**प्रस्ताव नं. ४ गाउँ सभाको १९ औं अधिवेशनको पूर्व तयारी सम्वन्धमा ।**

**निर्णय नं.४**

प्रस्ताव नं ४ माथि व्यापक छलफल झिमरुक गाउँपालिकाको मिति २०८२ पुस २७ गते हुने गाउँ सभाको १९ औं अधिवेशनलाई सम्पन्न गर्न उक्त सभामा तय गरिएका कार्यसूची अनुसारको सर्म्पूण तयारी विभिन्न शाखा/एकाई र कार्यसूची प्रस्तुत कर्ताले पूर्ण रुपमा तयारी गरी निर्धारित समयमा नै सम्पन्न गर्ने सर्वसम्मत निर्णय गरियो । साथै मिति २०८२ पुस १९ गते तय गरिएका कार्य सूची अनुसारका कार्यसूची नं.३ ,४ र ५ लाई देहाय अनुसार संशोधन गर्न यस बैठकबाट स्वीकृत गरी सभाबाट पारितको लागि सभामा पेस गर्ने निर्णय गरियो ।

**अमरराज सेजुवाल**
**प्रमुख प्रशासकीय अधिकृत**

CamScanner

झिमरुक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ग्यागुते, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

## कार्य सूची नं -३

### झिमरुक गाउँपालिकाको विनियोजन ऐन, २०८२ पहिलो संशोधन विधेयक, २०८२

१. प्रस्तावना : झिमरुक गाउँपालिका, प्यूठानको आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,
नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम झिमरुक गाउँपालिका, प्यूठानको गाउँ सभाको १९ औ बैठकले यो विधेयक बनाएको छ ।

२. संक्षिप्त नाम र प्रारम्भः (१) यस विधेयकको नाम "झिमरुक गाउँपालिकाको विनियोजन ऐन, २०८२ पहिलो संशोधन विधेयक, २०८२" रहेको छ।

३. यो विधेयक तुरुन्त प्रारम्भ हुनेछ।

४. दफा २ मा रहेको "६३,००,००,०००.०० ( अक्षेरुपी रुपैयाँ त्रिसट्ठी करोड मात्र)" भन्ने शब्दको सट्टा "६४,६१,३२,७२५/२० (अक्षेरुपी रुपैया चौसट्ठी करोड एकसट्ठी लाख बत्तीस हजार सात सय पच्चीस रुपैयाँ पैसा बिस मात्र" राखिएको छ।

५. अनुसूची १ को क्र.स. १ र जम्मा महलको सट्टा देहाय बमोजिम राखिएको छ।

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | गाउँकार्यपालिका | ८८५८७०४७.२ | ४२६७१६७८ | | १३१२५८७२५.२ |
| | जम्मा | | ४१६१३४०४७.२ | २२९९९८६७८ | | ६४६१३२७२५.२ |

## कार्य सूची नं -४

### झिमरुक गाउँपालिकाको आर्थिक ऐन, २०८२ पहिलो संशोधन विधेयक, २०८२

झिमरुक गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा, २२८ को उपधारा (२) बमोजिम झिमरुक गाउँ सभाको १९ औ बैठकले यो संशोधन विधेयक बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः(१) यस विधेयकको नाम "झिमरुक गाउँपालिकाको आर्थिक ऐन, २०८२ पहिलो संशोधन विधेयक, २०८२" रहेको छ।

२. विधेयक तुरुन्त प्रारम्भ हुनेछ।

३. झिमरुक गाउँपालिकाको आर्थिक ऐन, २०८२ को दफा ५ अनुसुची ४ को उत्पादन मूलक उद्योग/व्यवसाय अन्तर्गत सि.नं. १० मा रहेको बनजन्य उद्योग (काठ बिक्री ६ चक्के प्रति ट्रकसम्म) रु. ३००० को सट्टा रु १००० र ११ मा रहेको बनजन्य उद्योग (काठ बिक्री ६ चक्के भन्दा माथि प्रति ट्रक) रु. ४००० को सट्टा रु १२०० संशोधन गरी कायम गरिएको।

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

कार्य सुची नं -५

# झिमरुक गाउँपालिकाको आ.ब. २०८२/०८३ को बजेट

### आय-व्ययको संशोधित अनुमान

**अनुमानित व्यय र स्रोत व्यवस्थापन**

यस आर्थिक वर्षको नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न संशोधित अनुमान रु. ६४ करोड ६१ लाख ३२ हजार ०७ सय २५ रुपैया पैसा २० रकम विनियोजन गरेको छु।कुल विनियोजित रकम मध्ये चालु खर्च तर्फ रु ४१ करोड ६१ लाख ३४ हजार ४७ रुपैया पैसा २० मात्र र पूँजिगत खर्च तर्फ २२ करोड ९९ लाख ९८ हजार ६ सय ७८ रहेको छ।

आ.व. २०८२/८३को लागि अनुमान गरिएको खर्च वेहोर्ने स्रोतहरु मध्ये सि नं. ६ को बैङ्क मौज्दात तर्फ ३ करोड ३९ लाख १५ हजार ५ सय ११ रुपैयाको सट्टा रु. ५ करोड ४८ हजार २ सय ३६ रुपैया पैसा विस मात्र कायम गरिएको ।

उल्लिखित वृद्धि भएको रकम १ करोड ६१ लाख ३२ हजार ७ सय २५ रुपैया पैसा २० मध्येबाट तपसिल वमोजिमका आयोजना/कार्यक्रमको लागि रकम विनियोजन गर्ने र विभिन्न मितिको कार्यपालिकाको निर्णय वमोजिम देहायका शीर्षकबाट सापटिको रुपमा गाउँ सभाबाट सोधभर्ना गर्ने गरी भुक्तानी गरिएकोमा उक्त शीर्षकहरुको रकम सोधभर्ना गरी साविक बमोजिम नै कायम गर्न गाउँ सभाको १९औं अधिवेशनमा पेस गर्ने सर्वसम्मत निर्णय गरियो ।

| तपसिल<br>गत वर्षको मौज्दात रकमबाट विनियोजित आयोजना/कार्यक्रमको विवरण | | | | | देहाय<br>मिति २०८२/०५/०१, २०८२/०६/०५ र २०८२/०६/२९ को कार्यपालिकाको निर्णय बमोजिम देहायका शीर्षकबाट सापटीको रुपमा सभाबाट शोधभर्ना गर्ने गरी भुक्तानी गरिएकोले शोधभर्ना हुने रकम | | |
|---|---|---|---|---|---|---|---|
| खर्च शीर्षक | आयोजना/कार्यक्रमको नाम | ठेगाना (वडा नं) | विनियोजित रकम | भुक्तानि पाउने | कार्यक्रमको नाम | खर्च शीर्षक | रकम |
| २११११ | पारिश्रमिक कर (११११२) | | १०६३५.५३ | पारिश्रमिक कर (११११२) | करार सेवा पारिश्रमिक | २११११ | १०६३५.५३ |
| २२२१३ | सवारी साधन मर्मत | | ७१८७५ | मैनाबगर अटोल्याण्ड प्रा.ली. | सवारी साधन मर्मत | २२२१३ | ७१८७५ |
| २२३११ | स्टेशनरी सामाग्री खरिद | | ३४५२४३ | एनि टाइम प्रिन्टिङ्ग एण्ड सप्लायर्स प्राली. | स्टेशनरी सामाग्री खरिद | २२३११ | ३४५२४३ |

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २२३१३ | स्थानीय विषयका पाठ्यपुस्तक छपाई (कक्षा (१-५) | | ५९८७५८ | झिमरुक प्रिन्टिङ्ग सप्लायर्स प्रा.लि. | स्थानीय विषयका पाठ्यपुस्तक छपाई | २२५२२ | ५००००० |
| | | | | | स्थानीय विषयका पाठ्यपुस्तक निर्माण | २२५२२ | ९८७५८ |
| २२३१५ | कार्यालयका लागि आवश्यक छपाई खर्च | | ४८४२८ | झिमरुक प्रिन्टिङ्ग सप्लायर्स प्रा.लि. | कार्यालयका लागि आवश्यक छपाई खर्च | २२३१५ | ४८४२८ |
| २२३१५ | पत्रपत्रिका तथा सूचना प्रकाशन खर्च गा.पा. | | १४६७०१.६७ | | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २२३१५ | १४६७०१.६७ |
| २२५२२ | सिस्नेखोला र समल्धारा आरन मर्मत र झिमरुक कृषि तथा पशुपन्छी फर्म सुधार | ३ | ९९४०६ | सिस्नेखोला र समल्धारा आरन मर्मत र झिमरुक कृषि तथा पशुपन्छी फर्म सुधार उ.स. | कार्यक्रम सम्बन्धी खर्च | २२५२२ | ९९४०६ |
| २५३१५ | आर्थिक सहायता | | ४०००० | | आर्थिक सहायता | २५३१५ | ४०००० |
| ३१११२ | मधुकुण्ड कृषि सहकारी भवन निर्माण | २ | १९७४२७ | मधुकुण्ड कृषि सहकारी भवन निर्माण उ.स. | गाउँपालिका भित्रका विभिन्न शौचालय तथा भवन मर्मत | ३११५९ | १९७४२७ |
| ३११५१ | झिमरुक गा.पा. प्रशासकीय भवन देखि चुधरीखोलासम्म मोटरबाटो स्तरउन्नती | ४ | २५००० | झिमरुक गा.पा. प्रशासकीय भवन देखि चुधरीखोलासम्म मोटरबाटो स्तरउन्नती उ.स. | १५ शैया अस्पताल निर्माण | ३१११२ | १७३९३३१ |
| ३११५१ | झिमरुक गा.पा. प्रशासकीय भवन जाने मोटरबाटोमा आर.सि.सि ढलान निर्माण | ४ | ४५०००० | झिमरुक गा.पा. प्रशासकीय भवन जाने मोटरबाटोमा आर.सि.सि ढलान निर्माण | | | |

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | उ.स. | | | |
| ३११५१ | चुधाराफेदी चिचिण्डे मोटरबाटो ग्राभिलिङ तथा नाली निर्माण | ५ | ४५१००० | चुधाराफेदी चिचिण्डे मोटरबाटो ग्राभिलिङ तथा नाली निर्माण उ.स. | | | |
| ३११५१ | नेटाधगे सिरखोला पुल निर्माण | ६ | २४९७२० | नेटाधगे सिरखोला पुल निर्माण उ.स. | | | |
| ३११५१ | कोलचौरदेखि दमाईटोलसम्म घो.वा. निर्माण | ७ | ४४९६५ | शसिधर घिमिरे जैसी | | | |
| ३११५१ | बाटी पोखरी नुनथला गो.वा. निर्माण | ७ | ४९००० | शेर बहादुर सुनार | | | |
| ३११५१ | गोसाईपोखरा मतिडाडे टोल सम्म सडकमा वाल निर्माण | ७ | ८८००० | गोसाईपोखरा मतिडाडे टोल सम्म सडकमा वाल निर्माण उ.स. | | | |
| ३११५१ | अर्थाय कुता बाटीपोखरी तुषारा मो.वा. स्तरोन्नती | ७ | ३००००० | अर्थाय कुता बाटीपोखरी तुषारा मो.वा. स्तरोन्नती उ.स. | | | |
| ३११५१ | द्धारेगौडा इख्राकोट मोटरबाटो निर्माण | ८ | ८१६४६ | द्धारेगौडा इख्राकोट मोटरबाटो निर्माण उ.स. | | | |
| ३११५५ | कल्सेको फेदीदेखि साल्लेखोला कुलो मर्मत | २ | २००००० | कल्सेको फेदीदेखि साल्लेखोला कुलो मर्मत उ.स. | सडकबत्ती जडान | ३११५१ | ७३०४०१ |
| ३११५५ | चिप्लेपहरा सिंचाई कुलो निर्माण | ३ | ८७२६१ | चिप्लेपहरा सिंचाई कुलो निर्माण उ.स. | | | |
| ३११५५ | डुडखोला माझ हल्ते सिंचाई कुलो मर्मत | ३ | १९९१६६ | डुडखोला माझ हल्ते सिंचाई कुलो मर्मत उ.स. | | | |
| ३११५५ | पिपलटारी सिंचाई कुलो निर्माण | ४ | २५००० | ओमहरी पोखेल | | | |

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३११५५ | तल्लो कौछेटारी सिंचाई कुलो मर्मत | ४ | २५००० | कृष्ण बहादुर के.सी. | | | |
| ३११५६ | स्याला पोखरी मर्मत तथा मुहान संरक्षण | २ | ९३९७४ | स्याला पोखरी मर्मत तथा मुहान संरक्षण उ.स. | | | |
| ३११५६ | खोप्चा धोद्रा खा.पा. मर्मत | २ | १००००० | खोप्चा धोद्रा खा.पा. मर्मत उ.स. | | | |
| ३११५६ | भिमगातिना गैडाकुटी मुहान तथा भू संरक्षण | २ | १००००० | भिमगातिना गैडाकुटी मुहान तथा भू संरक्षण उ.स. | म्याचिङ्ग फण्ड | ३११५९ | ४९१०१५१ |
| ३११५६ | एक घर एक धारा कार्यक्रम | २ | १८७५०२ | एक घर एक धारा कार्यक्रम उ.स. | | | |
| ३११५६ | विभिन्न बस्तिमा खा.पा.संरक्षण | २ | २२०९८४ | विभिन्न बस्तिमा खा.पा.संरक्षण उ.स. | | | |
| ३११५६ | पुरनपानी वेवरे गैराटोल लिफ्ट खानेपानी | ३ | ४३३६६ | पुरनपानी वेवरे गैराटोल लिफ्ट खानेपानी उ.स | | | |
| ३११५६ | कुरकुरे पाडेमेला खा.पा. निर्माण | ८ | १९१३७९ | कुरकुरे पाडेमेला खा.पा. निर्माण उ.स. | | | |
| ३११५६ | विभिन्न खानेपानी योजना निर्माण तथा मर्मत | ८ | २९९३८७ | विभिन्न खानेपानी योजना निर्माण तथा मर्मत उ.स. | | | |
| ३११५९ | कमेरपानी खेल मैदान निर्माण | २ | १७९५६५ | कमेरपानी खेल मैदान निर्माण उ.स. | | | |
| ३११५९ | कमेरपानी रिपाह अगारा सिडी निर्माण | २ | १९२३५९ | कमेरपानी रिपाह अगारा सिडी निर्माण उ.स. | | | |
| ३११५९ | सिम्लेनी गाउँघर क्लिनीक निर्माण | ३ | १५०००० | सिम्लेनी गाउँघर क्लिनीक निर्माण उ.स. | | | |
| ३११५९ | कुटेडाडा सामुदायिक भवन निर्माण | ३ | २४९८५६ | कुटेडाडा | | | |

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | सामुदायिक भवन निर्माण उ.स. | | | |
| ३११५९ | दिपेन्द्र प्रा.वि. भवन मर्मत योजना | ४ | २४९०४७ | दिपेन्द्र प्रा.वि. भवन मर्मत योजना उ.स. | | | |
| ३११५९ | श्री बालज्योती प्रा.वि.शौचालय निर्माण | ५ | २६२९५१ | श्री बालज्योती प्रा.वि.शौचालय निर्माण उ.स. | | | |
| ३११५९ | बालशिक्षा मा.वि. मन्च निर्माण योजना | ५ | २७५००० | बालशिक्षा मा.वि. मन्च निर्माण योजना उ.स. | | | |
| ३११५९ | गोयली खेलमैदान तारवार | ६ | ९७७७४ | गोयली खेलमैदान तारवार उ.स. | | | |
| ३११५९ | मर्कावाङ धारापानी प्रतिक्षालय निर्माण | ६ | १४८९४८ | मर्कावाङ धारापानी प्रतिक्षालय निर्माण उ.स. | | | |
| ३११५९ | दहखोला ट्रसपुल निर्माण | ६ | ३००००० | दहखोला ट्रसपुल निर्माण उ.स. | | | |
| ३११५९ | चिसावाङ झिमरुक खोला जाने मो.वा. स्तरउन्नती र घुम्नेठाटी सिंचाई कुलो मर्मत | ६ | १९४१३० | चिसावाङ झिमरुक खोला जाने मो.वा. स्तरउन्नती र घुम्नेठाटी सिंचाई कुलो मर्मत उ.स. | | | |
| ३११५९ | छातिपाटा शिवालय मन्दिर अधुरो काम निर्माण निरन्तरता | ७ | २००००० | छातिपाटा शिवालय मन्दिर अधुरो काम निर्माण निरन्तरता उ.स. | | | |
| ३११५९ | सु-स्वास्थ्य सक्रिय महिला आमा समूह भवन रेलिङ्ग र रगंरोगन | ८ | २००००० | सु-स्वास्थ्य सक्रिय महिला आमा समूह भवन रेलिङ्ग र रगंरोगन उ.स. | | | |
| ३११५९ | दलित सामुदायिक भवन मर्मत | ८ | २७०५०० | दलित सामुदायिक भवन मर्मत | | | |

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | उ.स. | | | |
| ३११५९ | प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि म्याचिङ् | ८ | ५००००० | प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि म्याचिङ् उ.स. | | | |
| ३११५१ | भ्यागुते ट्रस पुलदेखि जाइखोर जानी मोटरबाटो सम्म बाटो निर्माण | ५ | ९१३७९ | भ्यागुते ट्रस पुलदेखि जाइखोर जानी मोटरबाटो सम्म बाटो निर्माण उ.स. | | | |
| ३११५९ | हिले पार्कमा प्रतिक्षालय निर्माण | २ | ३०६०२४ | हिले पार्कमा प्रतिक्षालय निर्माण उ.स. | | | |
| ३११५१ | बागदुला मच्छी सडक स्तरोन्नती बतासेडाँडा मच्छी खण्ड ठेक्का नं JRM/NCB/WORKS/03/2081/082 | ५,६ | ७१९४३६८ | कार्की अमृत जे.भी. | आयोजनाको पूर्व विस्तृत सर्वेक्षण DPR/परामर्श | ३११३५ | १०००००० |
| | | | | | झिमरुक गाउँपालिका भवन परिसरमा चमेना गृह निर्माण | ३१११२ | १०००००० |
| | | | | | चिस्यान केन्द्र संचालनका निमित्त आवश्यक भौतिक पूर्वाधार व्यवस्थापन | ३११५९ | २०००००० |
| | | | | | ३ जिल्लाको सहलगानीमा संगमस्थल सौतामारेमा सिमा स्तम्भ निर्माण | ३११५९ | ६००००० |
| | | | | | प्रशासकीय भवन परिसर शौन्दर्यीकरण | ३११५९ | ९४३६८ |

अमरराज सेजुवा...
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | बागदुला-बतासेडाडा-मच्छी-लामासेरा झिमरुक गापा पहुँचमार्ग अन्तर्गत(बतासे डाँडा-मच्छी खण्ड कालोपत्रे) | ३११५१ | २५००००० |
| जम्मा | | १६१३२७२५.२ | | जम्मा | | | १६१३२७२५.२ |

**प्रस्ताव नं. ५ ऐन तथा कार्यविधिहरुको मस्यौदा स्वीकृत गरी सभामा पेस गर्ने सम्वन्धमा ।**

**निर्णय नं. ५**

प्रस्ताव नं ५ माथि छलफल गर्दा झिमरुक गाउँपालिका विधायन समितिमा पेस गरिएका मिति २०८२ पुस १९ गते बसेको गाउँ कार्यपालिका बैठकबाट कार्यसूची नं. ७ मा रहेका तपसिल वमोजिमका ऐन, नियमावली र कार्यविधिहरु विधायन समितिबाट गाउँ सभाको १९ औं अधिवेशनमा पेस गर्ने गरी स्वीकृत भएकोमा सर्वसम्मत रुपमा अनुमोदन गरी पारितको लागि सभामा पेस गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

**गाउँ सभाबाट पारितको लागि सभामा पेस गर्नुपर्ने विभिन्न विधेयक, कानुनहरुका प्रारम्भिक मस्यौंदाहरु**

क) झिमरुक गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०८२

ख) झिमरुक गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, (प्रारम्भिक मस्यौदा) २०८२

ग) झिमरुक गाउँपालिका गाउँ सभा सचिवालय स्थापना तथा कार्य सञ्चालन कार्यविधि, (प्रारम्भिक मस्यौदा) २०८२

घ) झिमरुक गाउँपालिका बेरुजु फस्यौट कार्यविधि, (प्रारम्भिक मस्यौदा) २०८२

ङ) झिमरुक गाउँपालिका लेखा समिति गठन तथा कार्य सञ्चालन कार्यविधि, (प्रारम्भिक मस्यौदा) २०८२

**प्रस्ताव नं. ६ योजना तथा कार्यक्रम संशोधन,रकमान्तर/स्रोतान्तर सम्वन्धमा ।**

**निर्णय नं. ६**

प्रस्ताव नं ६ माथि छलफल गर्दा झिमरुक गाउँपालिका आ.व. २०८२/८३ स्वीकृत भएका योजना तथा कार्यक्रम वडा समितिबाट देहाय वमोजिम संशोधन, रकमान्तरको लागि निर्णय भई आएको हुँदा संशोधन, रकमान्तर गर्ने निर्णय गरी स्वीकृतको लागि गाउँ सभाको १९ औं अधिवेशनमा पेस गर्ने र सुत्र प्रणालिमा स्रोत कायम गर्दा फरक पर्न गएको हुँदा देहाय बमोजिम स्रोतान्तर गर्ने निर्णय गरी स्वीकृतको लागि सभामा पेस गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो ।

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

## संशोधन/रकम रकमान्तर हुने आयोजना / कार्यक्रमहरुको विवरण

| सि.नं | संशोधन गर्नु पर्ने योजना/ कार्यक्रमको नाम | वडा नं | रकम | संशोधित आयोजना/ कार्यक्रमको नाम | रकम रु |
|---|---|---|---|---|---|
| १ | म्याचिङ्ग फन्ड | गा.पा. | ४४७२००० | रोजगार आयोजना सञ्चालनको लागि ज्याला रकममा स्थानीय तहको शत प्रतिशत शाझेदारी | ३२७२००० |
| | | | | निर्मित गुरु योजनाको आधारमा विद्यालयको भौतिक निर्माण अनुदानमा १० प्रतिशत साझेदारी | १२००००० |
| २ | वराहा खेत सिचाई कुलो मर्मत | १ | १००००० | १ नं वडा भित्रका सम्पुर्ण मोटर वाटो मर्मत | १००००० |
| ३ | डाडा खर्क धारापानी थापा पोखरी मो.वा मर्मत | १ | १००००० | डाडा खर्क धारापानी थापा पोखरी घोरेटो वाटो मर्मत | १००००० |
| ४ | साखिनेपानि खा.पा धारा मर्मत | १ | १००००० | साखीनेपानी खा.पा मर्मत | १००००० |
| ५ | गैरागाउँ सिचाई पोखरी मर्मत | २ | २००००० | रातापोखरा पार्क घेरावार | २००००० |
| ६ | सिम्लेनी मैदाना सडक निर्माण | ३ | २००००० | फेदीपाटा प्रतिक्षालय निर्माण | २४९००० |
| ७ | फेदीपाटा प्रतिक्षालय निर्माण | ३ | ४९००० | | |
| ८ | श्री गौमुखी प्रा.वि पिपलनेटा फर्निचर तथा भौतीक व्यवस्थापन | ३ | ४९००० | श्री गौमुखी प्रा.वि पिपलनेटा घेरावार तथा तारवार | ४९००० |
| ९ | हल्ते वालविकास केन्द्र फर्निचर तथा भौतिक व्यवस्थापन | ३ | २०००० | हल्ते वालविकास केन्द्र कार्पेट तथा फर्निचर खरिद | २०००० |
| १० | स्याला वालविकास केन्द्र फर्निचर तथा भौतिक व्यवस्थापन | ३ | २०००० | स्याला वालविकास केन्द्र कार्पेट तथा फर्निचर खरिद | २०००० |
| ११ | स्वयंसेविका दिवस कार्यक्रम | ४ | २०००० | प्रजनन् स्वास्थ्य तथा सुरक्षित मातृत्व कार्यक्रम | २०००० |
| १२ | वसाखोला तल्लो वाङ्गे दलित वस्तिमा सिचाई कुलो निर्माण | ४ | १५०००० | दोभान देखि तल्लो वाङ्गे खा.पा मर्मत | २५०००० |
| १३ | दोभानदेखि तल्लो वाङ्गे खा.पा मर्मत | ४ | १००००० | | |
| १४ | हरिया माझगाउँ सिचाई कुलो निर्माण | ४ | ८०००० | हरिया माझगाउँ सिचाई निर्माण | ८०००० |
| १५ | टिमडाँडा खा.पा मर्मत | ४ | ८०००० | टिमडाँडा पंचिसे तल्लो विसारे खा.पा मर्मत | ८०००० |
| १६ | वालशिक्षा प्रा.वि पोखरीमा पूर्वाधार निर्माण | ४ | ७०००० | वालशिक्षा प्रा.वि फर्निचर तथा अपिस कोठा व्यवस्थापन | ७०००० |
| १७ | चुधारा ब्रह्मान्दिर जाने पद मार्ग | ४ | ३५०००० | चुधारा ब्रह्मान्दिर जाने मोटरवाटो निर्माण | ३५०००० |
| १८ | चिदार खेत पिपल गैरा सिचाई कुलो | ६ | १५०००० | चिदार खेत पिपल गैरा सिचाई कुलो | २५०००० |
| १९ | श्रीखोला गुरगैरा पिपल गैरा सिचाई कुलो निर्माण योजना | ६ | १००००० | | |
| २० | पल्लावारी रातामाटा नेटा मो.वा.मर्मत | ६ | १५०००० | दहखोला दारिम वोट गैरा वारी सिचाई कुलो मर्मत | १५०००० |

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधि...

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | नुनथला नावल टोल हुदै गैरा पोखरी घो.बा निर्माण | ७ | १००००० | नाच्ने डाँडा प्रतिक्षालय निर्माण | ३००००० |
| २२ | नाच्ने डाँडा प्रतिक्षालय निर्माण | | २००००० | | |
| २३ | मकरपाटा करिमारे टोल खा.पा निर्माण | ७ | १५०००० | सत्य मा.वि शौचालय निर्माण तथा मर्मत | २५०००० |
| २४ | सत्य मा.वि शौचालय निर्माण | ७ | १००००० | | |
| २५ | फुर्से गैरा खेलमैदान निर्माण | ७ | १००००० | फुर्सेगैरा विश्रामस्थल निर्माण | २००००० |
| २६ | पिपरी पोखरा देखि घर्तिकुडाँ सम्म मो. वा | ७ | १००००० | | |
| २७ | कोल खेलमैदान पूर्वाधार निर्माण | ८ | ६०००० | पाल्ते टोलमा प्रतिक्षालय निर्माण | २६०००० |
| २८ | पाल्ते टोलमा प्रतिक्षालय निर्माण | ८ | २००००० | | |

**स्रोतान्तर सम्बन्धी विवरण**

| क्र.स. | स्रोतान्तर हुने आयोजना कार्यक्रमको नाम | रकम रु. | हालको स्रोत | संशोधन भई कायम हुने स्रोत |
|---|---|---|---|---|
| १ | १५ शैया अस्पताल निर्माण | १०००००० | राजस्व बाँडफाड - संघीय सरकार | नेपाल सरकार समानीकरण अनुदान |
| २ | बाग्दुला मच्छी सडक स्तरोन्नती (बतासेडाँडाँ-मच्छी-खण्ड) | ११९६६३५ | राजस्व बाँडफाड - संघीय सरकार | नेपाल सरकार समानीकरण अनुदान |
| ३ | भिमसेन आ.वि. बौडा भौतिक पूर्वाधार निर्माण | २७०००० | राजस्व बाँडफाड - संघीय सरकार | नेपाल सरकार समानीकरण अनुदान |
| ४ | हरियाटारी सिचाई कुलो मर्मत | ३००००० | राजस्व बाँडफाड - संघीय सरकार | नेपाल सरकार समानीकरण अनुदान |
| ५ | हरियफेदी झो.पु. मर्मत | १००००० | राजस्व बाँडफाड - संघीय सरकार | नेपाल सरकार समानीकरण अनुदान |
| ६ | बरबाङ्ग चिसाबाङ्ग कुटिचौर सिंचाईकुलो मर्मत | ३५०००० | राजस्व बाँडफाड - संघीय सरकार | नेपाल सरकार समानीकरण अनुदान |
| ७ | वडा नं ७ को वडा कार्यालय भवन निर्माण | २५७२३१३ | राजस्व बाँडफाड - संघीय सरकार | नेपाल सरकार समानीकरण अनुदान |
| ८ | खोप क्लनिक भवन निर्माण | २५०००० | राजस्व बाँडफाड - संघीय सरकार | लुम्बिनी प्रदेश समानीकरण अनुदान |
| ९ | करार सेवा पारिश्रमिक कर्मचारी स्वास्थ्य | ४०००००० | नेपाल सरकार समानीकरण अनुदान | राजस्व बाँडफाड - संघीय सरकार |
| १० | विविध खर्च | १४०००० | नेपाल सरकार समानीकरण अनुदान | राजस्व बाँडफाड - संघीय सरकार |
| ११ | सूचनाकर्मी कटुवाल आतेजाते तथा खाजा खर्च | ३६००० | नेपाल सरकार समानीकरण अनुदान | राजस्व बाँडफाड - संघीय सरकार |
| १२ | सामुदायिक विद्यलयलाई चालु अनुदान | १०६१२९४८ | नेपाल सरकार समानीकरण अनुदान | राजस्व बाँडफाड - संघीय सरकार |
| १३ | जनप्रतिनिधी तथा कर्मचारी भ्रमण | १००००० | लुम्बिनी प्रदेश समानीकरण अनुदान | राजस्व बाँडफाड - संघीय सरकार |
| १४ | गाउँपालिका स्तरीय सहकारी संस्थाको अनुगमन | १००००० | लुम्बिनी प्रदेश समानीकरण अनुदान | राजस्व बाँडफाड - संघीय सरकार |
| १५ | गाउँपालिका स्तरीय सहकारी प्रोफाइल निर्माण | ५०००० | लुम्बिनी प्रदेश समानीकरण अनुदान | राजस्व बाँडफाड - संघीय सरकार |

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**प्रस्ताव नं. ७ विविध सम्बन्धमा ।**

**विविध (क) आर्थिक सहायता उपलब्ध गराउने कार्यविधि संशोधन सम्वन्धमा ।**

**निर्णय नं. ७ (क)**

**प्रस्ताव नं. ७** विविध (क) माथि छलफल गर्दा झिमरुक गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि,२०८१ लाई देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

**देहाय**

**प्रस्तावना-** झिमरुक गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि,२०८१ मा समसामयिक संशोधन गर्न बाञ्छनिय भएकोले कार्यविधिको दफा १२ को अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाबाट यो कार्यविधि संशोधन गरिएको छ ।

**१.सक्षिप्त नाम र प्रारम्भ** (१) यस कार्यीविधिको नाम झिमरुक गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि,(पहिलो संशोधन) २०८२ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ ।

२. कार्यविधिको दफा- ३ मा संशोधन

कार्यविधिको दफा- ३ को स्पस्टिकरण हटाईएको छ ।

३.कार्यविधिको दफा ८ को उपदफा १ मा रहेको संघ संस्था हटाइएको छ उपदफा १ पछि उपदफा २ थप गरी देहाय बमोजिम राखिएको छ ।

जिल्लामा क्रियाशिल राजनैतिक दल र तिनका जनवर्गिय संगठनलाई सम्बन्धित दल र संगठनहरु र अन्य संघ संस्थाहरुको माग निवेदनको आधारमा देहाय बमोजिम आर्थिक सहायता उपलब्ध गराउन सकिने छ । त्यस्तो सहायता एक आर्थिक वर्षमा एउटा स्तरको कार्यक्रमको हकमा एक पटक भन्दा बढि उपलब्ध गराउन सकिने छैन ।

| क.स | राजनैतिक दलहरुको हकमा | रकम | राजनैतिक दलका जनवर्गिय संगठनहरुको हकमा | रकम | अन्य संघ/संस्था |
|---|---|---|---|---|---|
| १ | केन्द्रिय स्तरको कार्यक्रमको हकमा | २०,०००। | केन्द्रिय स्तरको कार्यक्रमको हकमा | १२,०००। | १०,०००। |
| २ | प्रदेश स्तरको कार्यक्रमको हकमा | १५,०००। | प्रदेश स्तरको कार्यक्रमको हकमा | १०,०००। | ८,०००। |
| ३ | जिल्ला स्तरको कार्यक्रमको हकमा | १२,०००। | जिल्ला स्तरको कार्यक्रमको हकमा | ८,०००। | ६,०००। |

**विविध (ख) योजना/आयोजना सम्झौता कार्यान्वयन सम्वन्धमा ।**

**निर्णय नं. (ख)**

**प्रस्ताव नं ६ विविध (ख)** माथि छलफल गर्दा चालु आ.व.मा कार्यान्वयन हुने आयोजनाहरुको प्रगति समिक्षा भयो । मिति २०८२/९/१९ गते बसेको सातौं मिति २०८२ पुस २५ गतेसम्म योजनाको सम्झौता गरी सक्ने भनी मिति २०८२/९/१९ गते बसेको सातौं बैठकबाट निर्णय भएकोमा विविध कारणले हालसम्म ८ बटै वडाका गरी जम्मा २३८ बटा योजना मात्र सम्झौता भएको र हालसम्म पनि योजना सम्झौता बाँकी रहेकोले मिति २०८२ माघ ८ गतेसम्म रोजगार कार्यक्रमको लागि म्याचिङ्ग शीर्षकमा विनियोजन गरिएको रकम बाहे अन्य योजनाहरु अनिवार्य रुपमा सम्झौता गर्ने गरी म्याद थप गर्ने र तोकिएको म्यादभित्र अनिवार्य सम्झौता गर्न वडा समिति र कर्मचारी जिम्मेवार हुनुपर्ने सर्वसम्मत निर्णय गरियो ।

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

विविध (ग) आर्थिक सहयोग सम्वन्धमा ।

निर्णय नं. (ग)

प्रस्ताव नं ६ विविध (ग) माथि छलफल गर्दा तपसिल बमोजिमका व्यक्तिले आर्थिक सहायता मागको लागि पेस भई आएका निवेदनको विषयमा व्यापक छलफल गरी तपसिलमा उल्लिखित शीर्षकबाट देहाय बमोजिमको आर्थिक सहयोग रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स. | आर्थिक सहयोग माग गर्ने व्यक्तिको नाम ठेगाना | आर्थिक सहयोग उपलब्ध गराउने प्रयोजन | रकम रु | शीर्षक |
|---|---|---|---|---|
| १. | झिमरुक-८,टिमुरचौर निवासी हुम बहादुर महतराले आर्थिक सहायता सम्बन्धी पेस गरेको निवेदन अनुसार | निवेदकको छोरी केशरा भट्टराई वेहोस भई विरामी परी लुम्बिनी सिटी अस्पतालमा उपचाररत रहेकोले थप उपचार खर्चको लागि आर्थिक सहयोग | १८,०००। | आर्थिक सहायता |

अन्तमा आजको बैठक शौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो ।

झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ५ वमोजिम प्रमाणित गर्दछु ।

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत